निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL



निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

मतदान

रातो रङ्गको - सबै भन्दा सजिलो
प्याजी रङ्गको - ठिकै (सजिलै)
निलो रङ्गको - अलि गाह्रो
यो किताब रातो तहको हो ।

यो तहमा भएका किताबहरू :

- निर्वाचन
- मतदान
- लोकतन्त्र
- समावेशीता र निर्वाचन
- मतादाता नामावली

निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

मतदान

प्रकाशक

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०
फ्याक्सः (९७७ -१) - ४२२९२२७/४२२५५८०
इमेलः info@election.gov.np
वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल
सर्वाधिकार सुरक्षित
प्रथम संस्करण : वि.सं. २०७६
ISBN: ९७८९९३७-७३८-०४-०

विषय सूची

विषय	पेज
मतदान	१
छलफलका लागि प्रश्नहरू	२४

मतदान

आज मतदान गर्ने दिन अर्थात मौन अवधि सकिने अन्तिम दिन । मतदान हुने दिन भन्दा ४८ घण्टा अघिदेखि मतदानको काम पुरा नभए सम्मको अवधिलाई मौन अवधि भनिन्छ । मौन अवधिभर समयमा घरदैलो गर्न, चुनाव प्रचार प्रसार गर्न, अन्तरक्रिया गर्न, नारा जुलुस गर्न, सभा सम्मेलन गर्न तथा पोष्टर पम्पलेट टाँस्न पाइदैन ।

मौन अवधिले शान्त जस्तै बनाएको गाउँ अब बिहानीसँगै चहलपहल शुरु भइसकेको छ । कोही बिहानीको घर धन्दामा व्यस्त छन् । कोही मतदान गर्न जाने तयारी गर्दैछन् ।

"ए ललिता भाउजु ! मतदान गर्न जाने हैन ?" सुजिताले भनिन् ।

एकाबिहानै किन जाने त ? भर्खर छ बज्दै छ । परिवारलाई खाना पकाउने । खाना खाने । गाइबस्तुलाई घाँस पानीको जोहो गर्ने, अनि त जाने नि ! उहाँको जवाफ थियो ।

हैन भाउजु ! खाना दाइले पकाउनु हुन्छ, उहाँ दिउँसो मात्र मतदान गर्न जानु हुन्छ रे, हिजो मलाई भन्नु भएको । हामी बिहानै जानु पर्छ । दिउँसो त लाइन लामो हुन्छ । समयमै मतदान गर्नुपर्छ ।" सुजिताले भनिन् ।

"हुन त हो ! तिमीले ठिकै कुरा गऱ्यौ । बिहानै गएर आएपछि घरको काम पनि फुक्यो । त्यसपछि ढुक्कसँग काम गरे पनि भयो । नभए दिउँसो मतदान केन्द्रको चहलपहल हेरौंला बसौंला !" ललिता भाउजुले भन्नुभयो ।

"सुजिता, तिम्ले त मेरो मन नै परिवर्तन गरिदियौ नि ! यस भन्दा अगाडिको निर्वाचनमा हाम्री ठूलीआमा दिउँसो मतदान गर्न जानु

भएछ । दिउँसो भिड भएकोले धेरैबेर लाइनमा बस्नु परेछ ।"



"मतदान गर्न त बिहानै जानुपर्छ । म पनि निस्कन्छु पख है !" कुरा सुनिरहेकी शकुन्तला काकीले भन्नुभयो ।

मतदान केन्द्रमा जाने मतदाताहरूको लाईन बिहान ७ बज्नु भन्दा पहिल्यैबाट बसिसके को थियो । महिला, जेष्ठ नागरिक, अपाङ्ग

एवं भएका, गर्भवती महिलाका लागि मत हाल्ने ठाउँसम्म पुग्ने विशेष व्यवस्था गरिएको थियो ।

"दिन भरी नै मत हाल्ने समय होइन र नानी ?" तल्लो गाउँबाट माथि आउँदै गर्नु भएकी ठूली आमाले एकछिन रोकिएर सुजितालाई सोध्नुभयो ।

"मतदान गर्ने काम बिहान सात बजेबाट शुरु हुन्छ र साँझ पाँच बजेपछि सकिन्छ ।"

सुजिता एउटा कुरा भन त मलाई-"यति लामो लाइन हुन्छ । लाइनमा बस्नेले पाँच बजेपछि मतदान गर्न पाउन्नन् कि कसो हो ?"

"किन नपाउने नि ठूलीआमा ! पाँच बजे भित्रमा मतदान गर्न मतदान केन्द्र भित्र छिरेका जति सबैले मत हाल्न पाउँछन् ।

घरबाट निस्कँदै ललिता भाउजुले भन्नुभयो- "ल हेर ! सुजिताले त ! सबैलाई रोकेर राखिछ ।"

"कहाँ हुने नि भाउजु, सबैले तपाईलाई कुरेर बसेका हुन् । ल, अब हामी सबैजना कुरा गर्दै आफनो मतदान केन्द्र तिर लागौ ।"



"मतदानका लागि मतदाता परिचय पत्र नभइ नहुने हो र सुजिता ?"-सर्मिला काकीले सोध्नुभयो ।

" मतदाता परिचय पत्र त नभई हुँदैन । तपाईले ल्याउनु भएको छ नि काकी !"

"छ नानी !" काकीले भन्नुभयो ।

“मलाई त मतदान के हो ? मतदाता परिचय पत्र कसरी पाइन्छ भन्ने सम्म पनि थाहा छैन ?” काकीले आफ्नो कुरा भन्नुभयो ।

“काकी ! आफ्नो प्रतिनिधि छनोट गर्नको लागि मतदान अधिकृतले सहिछाप गरेको मतपत्रमा मतसङ्केत गरी (छाप लगाई), तोकिएको मतपेटिकामा मतपत्र खसाउने कामलाई मतदान भनिन्छ !”



हामी जस्ता मतदाताले आफूलाई मनपरेको उम्मेद्वार वा राजनीतिक दललाई भोट दिनु भनेकै मतदाताको अधिकार हो । **मतदाताको यस अधिकारलाई बालिग मताधिकार भनिन्छ ।** बालिग मताधिकार भनेको नागरिक अधिकार पनि हो । नागरिक भएर पाउने अधिकार नै नागरिक अधिकार हो ।

लोकतन्त्रमा हामी नागरिकले शासन व्यवस्थामा सहभागी हुने पहिलो पाइला भनेको मतदान गर्नु हो । शासन व्यवस्थामा हामीहरु सहभागी हुन पाउनु भनेको गर्वको कुरा हो । हामीले मतदान नगरेमा हाम्रो एक मतले पनि राम्रो उम्मेद्वार हार्न सक्छ । **मतदान गर्नका लागि मतदाता परिचय पत्र नभइ हुँदैन ।** साथै मतदाता नामावलीमा नाम दर्ता भएपछि मतदाताले मात्र मतदाता परिचय पत्र पाइन्छ ।"-सुजिताले भनिन् ।

नेपालमा मतदाता नामावलीमा नाम दर्ता गर्न १६ वर्ष उमेर पुगेको हुनुपर्छ भने मतदान गर्न १८ वर्ष उमेर पुरा भएको हुनुपर्दछ । नामावलीमा नाम दर्ता गर्न सक्कल नागरिकता आवश्यक पर्छ । व्यक्ति आफैं उपस्थित भई आफ्नो नाम दर्ता गराउनु पर्छ !"-सुजिताले भनिन् ।

"ए सुजिता छोरी ! मतदाता परिचय पत्रमा के के लेखिएको हुन्छ हँ ! साना अक्षर भएकाले मलाई त देख्न पनि मुस्किल पर्‌यो"-सनसरी काकीले भन्नुभयो ।

"काकीले मात्र हैन तपाई सबैले सुन्नुस् है त ! काकीले सोधेको प्रश्नको उत्तर सबैलाई काम लाग्छ ।

मतदाता परिचय पत्र भनेको मतदाता नामावलीमा नाम दर्ता गरेका १८ वर्ष पुरा भएका व्यक्तिलाई प्राप्त हुने कार्ड हो । यसमा मतदाताको नाम, मतदाता नम्बर, जन्म मिति, नागरिकता नम्बर, बाबु आमाको नाम र ठेगाना उल्लेख भएको हुन्छ । निर्वाचन आयोगले तोकेको स्थान र समयमा गई आफ्नो मतदाता परिचय पत्र आफैले बुझेर लिनुपर्दछ ।"

सानुमाया भाउजुले भन्नुभयो-**"सुजिता यो मतदान केन्द्र भनेको के हो ? यसको व्यवस्थापन कसरी गरेको हुन्छ त ?"**

मतदान गर्नको लागि निर्वाचन आयोगले तोकेको ठाउँ नै मतदान केन्द्र हो । मतदान केन्द्र साधारणतया सार्वजनिक स्थल तथा भवनमा तोकिन्छ । मतदान केन्द्रको वरिपरी बढीमा तीन सय मिटरसम्मको क्षेत्रलाई मतदान केन्द्रको क्षेत्र तोक्ने व्यवस्था छ । त्यस क्षेत्रमा व्यवस्थित सुरक्षा प्रबन्ध गरिएको हुन्छ । सार्वजनिक भवनहरू जस्तै : विद्यालय, सामुदायिक भवन नभएमा खुला ठाउँमा पाल, त्रिपाल राखेर भएपनि मतदान केन्द्र वनाइन्छ ।



“मतदान स्थल/केन्द्र कस्तो हुन्छ त सुजिता ? अलि बताइदेउन ।” हिंडिरहँदा शकुन्तला भाउजुले प्रश्न गर्नुभयो ।

सुन्नुस् है त ! “मतदानका दिन भिडभाड नहोस् भनेर मतदान केन्द्रलाई व्यवस्थित बनाइएको हुन्छ ।

मतदानका लागि लाईनबाट भित्र पस्ने ढोकैमा सुरक्षाकर्मी वा स्वयंसेवकले मतदाता परिचय पत्र भए नभएको सोधपुछ गर्दछन् ।

परिचय पत्र देखाएर भित्र पसेपछि मतदाता नामावली लिएका कर्मचारी सो स्थानमा रहेका हुन्छन् । तिनीहरूको ठीक पछाडि राजनीतिक दलका मतदान प्रतिनिधि बसेका हुन्छन् ।

मतदान प्रतिनिधिले मतदाता नामावलीको नाम क्रमसंख्या भिडाउन पनि सहयोग गर्दछन् । जसले गर्दा कर्मचारीलाई रुजु गर्न सहज हुन्छ ।

मतदान स्थलको सुरक्षा व्यवस्था पनि निकै राम्रो हुन्छ । यसका लागि महिला मतदातालाई महिला सुरक्षाकर्मीले र पुरुष मतदातालाई पुरुष सुरक्षाकर्मीले सुरक्षा जाँच गर्दछन् । यसरी हामी चरणबद्ध प्रक्रिया पुरा गर्दै मतदान गर्नका लागि अगाडि बढ्दछौं ।"

यति कुरा गर्दा गर्दै मतदान केन्द्र आइपुग्यो । भिडभाड र हल्ला खल्ला शुरु

भइसकेको छ । महिलाहरू महिलाको लाइनमा, पुरुषहरू पुरुषको लाइनमा गएर बसे ।

"कस्तो राम्रो व्यवस्थापन गरिएको !" रमिलाले भनिन् ।

"किन र ! के देख्यौ बहिनी ?" हरिमायाँले प्रश्न गरिन् ।



"हेर्नुन ! कार्डबोर्डहरूमा बाहिर जाने । भित्र आउने । महिलाको लाईन । पुरुषको लाईन ।

अपाङ्गता भएका/असक्तका लागि पनि छुट्टै व्यवस्था रहेछ । यति मतदाता क्रम संख्या देखि यति क्रम संख्या सम्मको यो लाईन भनेर सुरु र अन्तिमको नम्बर नै लेखेर टाँसेका रहेछन्। अल्मलिनु नपर्ने। सबैले बुझ्ने। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी गर्भवतीले लाइन बस्नु नपर्ने। मलाई त राम्रो लाग्यो ।" रमिलाले आँखाले देखेको सबिस्तार बताइन् ।

मतदान सम्पन्न गरी सबै दिदीबहिनी नजिकैको चउरमा जम्मा भए । शकुन्तलाले आफ्नो अनुभव सुनाइन्-

"सुजिता तिमीले ठीक भनेकी रहिछौ। बिहान आएकोले धेरै सजिलो भयो ।"

"मत हाल्न जाँदा के के गर्नुभयो त भाउजु ?" सुजिताले सोधिन् ।

“लाइनबाट भित्र पुगेपछि कर्मचारीले मेरो मतदाता परिचय पत्रको फोटो, नाम, नम्बर रुजू गरे । उनीहरूका पछाडि दलका प्रतिनिधि थिए । सबैले सम्मान गरे ।”



“कर्मचारीले मौखिक विवरण सोधे । सायद मैले गलत भन्छु कि भनेर होला । मेरो नाम, श्रीमानको नाम, वडा, मतदाता क्रम सङ्ख्या जस्ता विवरण सोधे र नामावलीमा रहेको मेरो नाम अगाडि रेजा लगाए ।”

"त्यसपछि नजिकै बसेका स्वयंसेवकले मेरो तथ्यांक फारम भरे । **महिला र पुरुषको पनि छुट्टा छुटै तथ्यांक लिईंदो रहेछ ।** यो फारममा भर्ने नभई चिनो लगाउने गरिंदो रहेछ ।"

"सकुन्तला भाउजुले त सबै कुरा प्रत्यक्ष भइरहेको जसरी बताउनु भयो त !" बिमलाले भनिन् ।

"हामी सबै भर्खर मत हालेर आएको किन नसंझने त ?" सानुमाया भाउजुले भन्नुभयो ।

त्यस पछिको अनुभव सुनाउने पालो सानुमाया भाउजुको सुनौं न त !"- बिमला बहिनीले भनिन् ।

तथ्याङ्क भरेपछि मसी लिएर बसेका कर्मचारीहरूले **बायाँ हातको बूढी औंलामा नङ् र मासुको जोर्नीमा पर्नेगरी मसी लगाइ दिनुभयो ।**

अर्को कर्मचारीले मतपत्रको बाँकी भागमा औंठाछाप लगाउन लाउनुभयो । त्यसमा सही गरेपछि मतपत्र दिनुभयो ।



एउटा कपडाले औंलामा लागेको मसी राम्रोसँग पुछेर मतपत्र लिएँ । सुजिताले संझाए अनुसार मतपत्रमा मतदान अधिकृतको सही छ छैन हेरें । सही भएको मतपत्र ।"

यसै बीच बिमलाले भनिन्- "मतदान गर्दाको जति महत्व छ त्यो भन्दा वढी महत्व आफुले मतपेटिकामा खसालेको मत बदर हुन नदिनु हो । मत बदर भयो भने हामीले गरेका सबै प्रयास खेर जान्छन् । त्यसैले नआत्तिई, नहडबडाइ मत संकेत गर्नुपर्छ साथै कसैको डर, त्रास तथा करकापमा नपरि आफूलाई मनपर्ने, आफ्नो भन्दा जनताको हित गर्ने व्यक्ति/उम्मेद्वारलाई मत हाल्नुपर्छ ।



“सनसरी काकी ! तपाईले कसरी मत खसाउनु भयो त ?” सुजिताले सोधिन्-

“भरखर सानुमायाँ भाउजुले भनेका कुरा मैले किन दोहर्‌याउने ?” भन्दै आफ्ना अनुभव सुनाउनु भयो-



“मैले मतपत्र पाएपछि म **गोप्य मतदान कक्षमा गएँ । त्यहाँ रहेको स्वस्तिक छाप, स्टाम्पमा चोपें । आफुले मतदान गर्न चाहेको उम्मेदवार को निर्वाचन चिन्ह भएको कोठा भित्र पर्ने**

गरि मसी नलत्पतिने गरी मत संकेत गरेँ । स्वस्तिक छापको मसी नलत्पतिने गरी हल्कासँग मतपत्र पट्याएर मतपेटिकामा खसाएँ । बाहिर निस्कने छुट्टै बाटो रहेछ । त्यही बाटोबाट निस्किएँ । यसरी मैले मेरो मतदानको काम पुरा गरें ।"

कस्ता मतपत्र वदर हुन्छन् ?

१. सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएका ।

२. आयोगले तोकेको स्वस्तिक चिन्ह बाहेक अन्य चिन्हले मत संकेत गरेका ।

३. उम्मेद्वारको निर्वाचन चिन्ह रहेको कोठामा मतसंकेत नगरी अन्यत्र मतसंकेत गरेका ।

४. निर्वाचित गर्नुपर्ने सिट संख्या भन्दा बढी उम्मेद्वारलाई मतसंकेत गरेका ।

५. मतसंकेत नगरी मतदान अधिकृतलाई मतपत्र फिर्ता दिइएका ।

६. कुनै पनि उम्मेद्वारको निर्वाचन चिन्हमा मतसंकेत नगरेका ।
७. मतपेटिका भन्दा बाहिर राखिएका मतपत्र ।
८. एक भन्दा बढी निर्वाचन चिन्हमा मत संकेत गरेका ।
९. जाली मतपत्र वा आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

निर्वाचनका बारेमा दिन भर जस्तै शिक्षा पनि पाइयो । मतदान पनि गरियो । देश नै निर्वाचनमय भएको बेला हामीलाई सुजिता नानीले यति धेरै सहयोग गरिन् । उनलाई धन्यवाद भन्दै सबै घरतिर लागे ।

छलफलका लागि प्रश्नहरू

१. मतदान भनेको के हो ?

२. मतदानका गर्न जाँदा साथमा के लानु पर्छ ?

३. मौन अवधिका समयमा के गर्न पाईँदैन ?

४. मतदान भ्याए सम्म बिहानै गर्नुपर्छ किन भनेको ?

५. पहिलाको निर्वाचनमा ठूलीआमा दिउँसो मतदान गर्न जाँदा के भएछ ?

६. मतदान कति बजेबाट सुरु हुन्छ र साँझ कति बजेसम्म मतदानकेन्द्रमा पुगेमा मतदान गर्न लाइन पाईन्छ ?

७. मतदान केन्द्रमा मतदाताहरुका लागि के कस्तो व्यवस्था गरिएको हुन्छ ?

८. मतदाताको अधिकार भनेको के हो ?

९. हामीले मतदान नगरेमा के हुन सक्छ ?

१०. मतदान गर्न कति वर्ष उमेर पुरा भएको हुनुपर्दछ ?

११. मतदाता परिचय पत्रमा के के लेखिएको हुन्छ ?

१२. मतदान केन्द्र भनेको के हो ? र कस्तो हुन्छ ?

१३. मत हाल्न जाँदा के के गर्नु पर्छ ?

१४. कस्ता मतपत्र बदर हुन्छन् ?

मतपत्रमा छाप कसरी लगाउने ?

मतपत्रमा स्वस्तिक छाप लगाउनु पर्दछ । औंठाको छाप वा अन्य किसिमको सङ्केतहरु गर्नु हुँदैन ।

स्वस्तिक छाप लगाउँदा आफूले चाहेको दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा भित्र स्पष्ट रूपमा देखिने गरी र अन्य चिन्हमा नपर्ने गरी छाप लगाउनु पर्दछ ।



मत कसरी बदर हुन्छ ?



कोठा बाहिर छाप लगाएमा

दुइओटा चिन्हका बीचमा छाप लगाएमा

स्वस्तिक छापको सट्टा औंठाछाप वा अन्य छाप वा सङ्केत प्रयोग गरेमा

एउटा मतपत्रमा एकभन्दा बढी चिन्हमा छाप लगाएमा

चिन्ह नबुझिने गरी छाप लगाएमा

मतदान अधिकृतको सहि नभएको मतपत्र प्रयोग गरेमा

मतदान गर्दा राम्ररी ध्यान नदिए हाम्रो अमूल्य मत बदर हुन सक्छ

फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्न निम्न शर्तहरू अवश्य पूरा गर्नुपर्दछ

१	१४३७०४८२		१	१०५३५२४३	
२	अनिल महर्जन		२	अम्मा कुमारी गिरी	
३	३०/१९५४ / ललितपुर		३	२-७४४/२३८ / ललितपुर	
४	२०३५-०९-२० / पुरुष		४	२०२६-०७-०१ / महिला	
५	भगवती महर्जन		५	धन बहादुर गिरी	
६	हरीमान / लालमाया		६	गंगा राम / विष्णु कुमारी	
१	१४३७०२६४		१	१०५३५५६२	
२	अम्बीका श्रेष्ठ		२	अमन यादव	
३	२९४६/३६ / ललितपुर		३	११२८ / जनकपुर	
४	२०३८-०८-०६ / महिला		४	२०३३-०९-१० / पुरुष	
५	नवीन कुमार श्रेष्ठ		५	भगवती यादव	
६	नन्दकृष्ण / रुपा		६	नर बिर / मैना	

क) नेपाली नागरिक भएको हुनुपर्छ ।

ख) १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति हुनुपर्दछ ।

ग) कुनै निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकामा स्थायी बसोबास गरेको हुनुपर्दछ ।

घ) सक्कल नागरिकता लिएर जानु पर्दछ, व्यक्ति पनि आफै उपस्थित हुनु पर्दछ ।

ङ) जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा पनि मतदाता नामावली दर्ताको काम हुन्छ ।

सहयोगी

यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।